# बर्जु गांउपालिका
# गांउ कार्यपालिकाको कार्यालय
## अमाहीवेल्हा, सुनसरी
## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना
### प्रथम पटक प्रकाशित मिति २०७६/०८/१६ गते

यस कार्यालयको आ.ब. ०७६/०७७ मा गा.पा. को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका निर्माण कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्रको माध्यम बाट दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगद बुझाई नगदी रसीद साथ निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र संलग्न राखी बर्जु गांउपालिका, अमाहीवेल्हा बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म खरिद गर्न सकिनेछ । खरिद भएको दरभाउपत्र सम्बन्धी कागजात १६ औ. दिन दिनको १२.०० बजे सम्म बर्जु गांउपालिका, अमाहीवेल्हाको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी बर्जु गांउपालिका, अमाहीवेल्हामा मात्र दर्ता गराउनु पर्नेछ । उल्लेखित कार्यालयबाट बिक्री भएका दरभाउपत्र सम्बन्धि कागजातमा भर्नुपर्ने सम्पुर्ण पानाहरू भरी दर्ता गर्नु पर्नेछ ।

२. दर्ता भएका दरभाउपत्रहरू अन्तिम दर्ता गर्नु पर्ने दिनको २.०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा बर्जु गांउपालिका, अमाहीवेल्हामा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. शिलबन्दी दरभाउपत्र साथ बर्जु गांउपालिका, अमाहीवेल्हाको नाममा एन. आई. सी. एसिया बैंक, इनरूवा शाखामा रहेका धरौटी खाता न. 243CA50017628005 मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्रिय बैंक "क" वर्गको मान्यता प्राप्त बैंक बाट बर्जु गांउपालिका, अमाहीवेल्हाको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रूपमा उल्लेख भएको दरभाउपत्र जमानत पत्र ( दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ

५. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठांउमा दरभाउपत्रदाताको सही छाप भएको हुनुपर्नेछ ।

६. संयुक्त उपक्रमको हकमा मुख्य साझेदार (लिड पार्टनर) को हिस्सा कम्तीमा ४० प्रतिशत तथा अन्य साझेदारहरूको हिस्सा कम्तीमा २५ प्रतिशत हुनुपर्नेछ ।

७. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी दरभाउपत्रमा भाग लिएको पाइएमा त्यस्ता दरभाउपत्रदाताको दरभाउपत्र रद्ध गरी कालो सुचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफरिस गरिनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरू मान्य हुनेछैन ।

९. दरभाउपत्रदातालाई दरभाउपत्र पेश गर्नु अगाडी आफनै खर्च र जिम्मेबारीमा कामको स्थलगत भ्रमण गरी कामको बारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ ।

१०. दरभाउपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११.वोलपत्र फारम खरिद गर्दा कार्यालयमा नगदै दाखिला गरी वा यस कार्यालयको संचित कोष खाता नं. 243CA50017628003 (एन. आई. सी. एसिया बैंक ईनरूवा) मा जम्मा गरी सक्कल भौचर पेश गरी खरिद गर्न सकिनेछ ।

१२. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन सहित) तथा नियमावली २०६४ ( संशोधन सहित) र आर्थीक कार्यविधी ऐन २०६४ तथा नियमावली २०६४ बमोजिम हुनेछ।

**तपसिल**

| सि. न. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (कन्टिन्जेन्सी र भ्याट बाहेक) रू. | धरौटी रकम रू. | फाराम दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | ०१/०७६/७७ | सार्वजनिक शौचालय निर्माण कार्य वर्जु ५ मिलन चौक। | ९,८४,८६१।५६ | २५,०००।०० | १०००।०० |
| २. | ०२/०७६/७७ | कम्पाउन्ड वाल निर्माण काय, वर्जु ५ इदगाह। | ८,७३,१४०।८३ | २५,०००।०० | १०००।०० |
| ३. | ०३/०७६/७७ | माटो पुरी ग्राभेल गर्ने कार्य वर्जु ६ | ६,३०,०४७।९७ | १८,०००।०० | १०००।०० |
| ४. | ०४/०७६/७७ | माटो पुरी ग्राभेल गर्ने कार्य वर्जु ६ | ६,१९,७५०।३६ | १८,०००।०० | १०००।०० |
| ५. | ०५/०७६/७७ | रामसिता मा. वि. अधुरो भवन निर्माण कार्य वर्जु २ | १२,९२,८७२।३७ | ३८,०००।०० | १०००।०० |
| ६. | ०६/०७६/७७ | खोलामा क्रेटिङ्ग लगाउने कार्य वर्जु ३ | १२,९१,९१९।६४ | ३८,०००।०० | १०००।०० |
| ७. | ०७/०७६/७७ | खोलामा क्रेटिङ्ग लगाउने कार्य वर्जु ६ | १७,२०,२७६।५० | ५०,०००।०० | १०००।०० |

प्रमुख प्रशासकिय अधिकृत